पुस,२०७४

# टिपिडि तालिम पाठ्यक्रम

## afnd}qL tyf pTk|]/0ffTds l;sfO

नेपाल सरकार

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र. सं. | विषयबस्तु | पेज नम्बर |
|---|---|---|
| १ | परिचय | ३ |
| २ | तालिमको लक्ष्य तथा उद्देश्य | ३ |
| ३ | तालिमको सक्षमता | ४ |
| ४ | तालिमको संरचना | ४ |
| ५ | तालिमको विषयवस्तु | ४ |
| ६ | तालिम कार्यान्वयन कार्यविधि | ८ |
| ७ | तालिम मूल्यांकन | ८ |
| ८ | परियोजना कार्य | ९ |

## १. परिचय

विद्यालय तहमा कार्यरत शिक्षकको पेसागत क्षमता विकास गर्ने जिम्मेवारी शैक्षिक जनशक्ति विकास केन्द्रको रहेको परिप्रेक्ष्यमा आधारभूत तहमा कार्यरत शिक्षकहरूको क्षमता विकासको काम पनि स्वीकृत शिक्षक पेसागत विकास (टिपिडी) ढाँचा बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

शिक्षक पेसागत विकास प्रारुप, २०७२ अनुरुप शिक्षकले पाँच वर्षको अवधि भित्र पाउने ३० दिन अवधिको प्रमाणीकरण तालिमलाई १५/ १५ दिनको दुई चरणमा विभाजन गरिएको छ । प्रत्येक चरणमा १० दिनको तालिम केन्द्रमा आधारित आमने-सामने र ५ दिनको विद्यालयमा आधारित स्वाध्याय गरी दुई खण्डमा तालिम सञ्चालन गर्ने व्यवस्था छ । सामान्यतया पहिलो चरणको तालिम आफूले अध्यापन गर्ने मुख्य विषयमा र दोस्रो चरणको तालिम आवश्यकताको अन्य क्षेत्रमा लिनुपर्ने प्रावधान रहेको छ ।

विद्यालय शिक्षा सुधार अभियानका रुपमा सरकारले तर्जुमा गरेको विद्यालय क्षेत्र विकास योजना (२०१६-२२) र शिक्षक पेसागत विकासको प्रारुप, २०७२ मा व्यबस्था भएअनुरुप आधारभूत तहका शिक्षकका लागि **बालमैत्री तथा उत्प्रेरणात्मक सिकाइ** विषयक पेसागत विकास तालिम पाठ्यक्रम तयार गरिएको छ ।

## २. तालिमको लक्ष्य तथा उद्देश्य

आधारभूत तहमा अध्यापन गर्ने शिक्षकमा बालमैत्री तथा उत्प्रेरणात्मक सिकाइसम्बन्धी सक्षमता विकास गरी विद्यार्थी सिकाइ उपलब्धिमा सुधार ल्याउने यस तालिमको लक्ष्य हो । साथै यस तालिम पाठ्यक्रमले देहायका उद्देश्य लिएको छ :

क. बालवालिकाको स्तर र अभिरुचि अनुसार प्रभावकारी शिक्षणका लागि बालमैत्री शैक्षणिक वातावरण विकास गर्ने ।

ख बालकेन्द्रित क्रियाकलापमा आधारित सिकाइ प्रक्रियामा उत्प्रेरणा सिर्जना गरी शिक्षणलाई प्रभावकारी बनाउने ।

ग. कक्षा शिक्षण सिकाइ प्रक्रियामा सिर्जनात्मक सिप तथा समालोचनात्मक चिन्तन प्रयोग गर्ने सिप अभिवृद्धि गर्ने ।

## ३. तालिमका सक्षमता

यस तालिम पाठ्यक्रमले सहभागी शिक्षकमा निम्नलिखित सक्षमता हासिल हने अपेक्षा गरेको छ :

क. बालमैत्री शिक्षाको अवधारणा र बालमैत्री वातावरणको महत्व विश्लेषण ।

ख. बालमैत्री शैक्षणिक वातावरण निर्माणसम्बन्धी तरिकाको संक्षेपीकरण ।

ग. बालकेन्द्रित क्रियाकलापमा आधारित सिकाइको बोध तथा क्रियाकलाप निर्माण ।

घ. सिकाइ प्रक्रियामा उत्प्रेरणा र प्रशंसनीय व्यवहारको सिर्जना ।

घ. शिक्षण सिकाइ प्रक्रियामा सिर्जनात्मक सिप तथा समालोचनात्मक चिन्तन प्रयोग ।

## ४. तालिमको संरचना

क. यो तालिम १५ दिन अवधिको हुनेछ । यसको पहिलो खण्ड १० दिनको तालिम कार्यशाला ढाँचामा आमने-सामने मोडबाट जिल्ला सदरमुकाममा अवस्थित शैक्षिक तालिम केन्द्र अथवा अगुवा स्रोतकेन्द्रमा सञ्चालन हुनेछ । यसको दोस्रो खण्ड ५ दिन अवधिको स्वाध्याय अभ्यास ढाँचामा आधारित हुनेछ ।

ख. दोस्रो खण्डको ५ दिने स्वाध्याय अभ्यास ढाँचा अन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई ४ वटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ । परियोजना कार्यको सबै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रमा अनिवार्य रुपमा पेस गर्नुपर्नेछ । यसमा मूलतः १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सीपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्धनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य तोकिनेछ ।

## ५. तालिमका विषयवस्तु

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| १. | बालमैत्री शिक्षा : अवधारणा र वातावरण | • अवधारणा, परिचय तथा महत्त्व<br>• नीति तथा कार्यक्रम<br>○ बाल अधिकार | ९ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | ○ विद्यमान योजना तथा कार्यक्रम<br>○ बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ (संशोधनसहित)<br>○ विद्यालय शान्ति क्षेत्र प्रारुप, २०६८<br>● बालमैत्री विद्यालयः पक्ष तथा सूचक<br>● बाल मनोविज्ञान र सिकाइ सम्बन्ध<br>○ उमेरगत सिकाइ तथा विकास<br>○ बालकेन्द्रित सिकाइ प्रक्रिया<br>● सिकाइ प्रक्रियामा सिद्धान्तको प्रयोग<br>● विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालासँग समन्वय<br>● शिक्षकको भूमिका | |
| २. | बालकेन्द्रित क्रियाकलापमा आधारित सिकाइ | ● बालकेन्द्रित क्रियाकलाप निर्माण<br>○ क्रियाकलापमा हुनुपर्ने विशेषता<br>○ क्रियाकलापको प्रकार (सिर्जनात्मक, निर्माणात्मक, मनोरञ्जनात्मक, खोजमूलक, समालोचनात्मकलगायत)<br>○ मनोरञ्जनात्मक क्रियाकलाप : खेल, गीत, नाच, अभिनय, कथा बाचन<br>○ विषयगत नमुना क्रियाकलाप<br>○ बालकेन्द्रित क्रियाकलापको सूची<br>● कक्षा र विषय सिकाइमा क्रियाकलापको उपयोग<br>○ स्रोत साधन तथा सिकाइ वातावरण<br>○ पाठ्यक्रम, सिकाइ उपलब्धि र | ९ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | पाठ्यपुस्तक<br>○ तह वा कक्षा<br>○ बालबालिकाको उमेर तथा स्तर<br>• सम्बन्ध विकास तथा कक्षाका नियमित क्रियाकलाप<br>○ अभिभावक/बालबालिकालाई स्वागत<br>○ एक आपसमा परिचय<br>○ शिक्षक विद्यार्थीका अपेक्षा र व्यवहार<br>○ कक्षाको काम, समय, नियम<br>○ सामग्री चिनारी र प्रयोग<br>○ आचार संहिता<br>○ शिक्षक विद्यार्थी अन्तरक्रिया<br>○ शान्तिको कामना<br>○ आज .... क्यालेन्डर बाचन<br>○ समाचार आदान प्रदान<br>○ कथा बाचन<br>○ शिक्षक सन्देश<br>○ विषयमा आधारित हाजिरी | |
| ३. | सिकाइ प्रक्रियामा उत्प्रेरणा र प्रशंसनीय व्यवहार | • सिकाइ प्रक्रियामा उत्प्रेरणा तथा प्रशंसनीय व्यवहारको आवश्यकता र महत्व<br>• उत्प्रेरणाको किसिम : आन्तरिक र वाह्य<br>• सिकारुका उत्प्रेरित तथा अनुत्प्रेरित व्यवहार<br>• उत्प्रेरणात्मक र प्रशंसनीय व्यवहारका लागि शिक्षक, विद्यार्थी, दौतरी, अभिभावकको भूमिका<br>• शिक्षण सिकाइ प्रक्रियामा उत्प्रेरणा र प्रशंसनीय | ३ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | व्यवहार सिर्जना<br>○ सिकाइ व्यवहार<br>○ भाषिक व्यवहार<br>○ सिकाइ उपलब्धि<br>○ स्वीकार, प्रशंसा, उपलब्धि (3 A's: acceptance, appreciation and achievement)<br>○ कक्षा कार्य<br>○ शिक्षक विद्यार्थी सम्बन्ध<br>● बालबालिकाको उमेर एवम् विकासात्मक मनोविज्ञान अनुसार गर्न सकिने उत्प्रेरणात्मक क्रियाकलापहरू | |
| ४. | सिकाइ प्रक्रियामा सिर्जनात्मक सिप तथा समालोचनात्मक चिन्तन | ● सिर्जनात्मक सिप<br>○ अवधारणा<br>○ बालबालिकामा सिर्जनात्मक सिप विकास गराउने क्रियाकलापहरू (तह, उमेर अनुसार)<br>● समालोचनात्मक चिन्तन<br>○ अवधारणा<br>○ बालबालिकामा समालोचनात्मक चिन्तन विकास गराउने क्रियाकलापहरू (तह, उमेर अनुसार) | ७ |
| ५. | विविध | ● उद्घाटन, समापन<br>● परियोजना कार्य प्रबोधीकरण<br>● लिखित परीक्षा सञ्चालन (प्रि टेस्ट, पोस्ट | २ |

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| | | टेस्टसमेत) | |

## ६. तालिम कार्यान्वयन कार्यविधि

क. यस तालिमको लक्षित समूह आधारभूत तहमा अध्यापनरत शिक्षक हुनेछन् ।

ख. तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारुप, २०७२ अनुसार परीक्षा सञ्चालन र शैक्षिक जनशक्ति विकास परिषदको मिति २०७४।०५।०६ गतेको निर्णय वमोजिम प्रमाणीकरण गरिने छ । तालिमको अन्त्यमा सम्बन्धित शैक्षिक तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

ग. स्वाध्याय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्ने क्रममा सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मुलतः प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुनेछ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा ईमेल वा फोनमार्फत अथवा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुनेछ ।

घ. तालिम सहजीकरण गर्दा देहायअनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छ :

अ. शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सेसन सञ्चालन गरिनेछ । विषयको प्रकृतिअनुसार विभिन्न क्षेत्र तथा निकायमा कार्यरत अनुभवी विज्ञलाई समेत प्रशिक्षक बनाउन सकिनेछ ।

आ. सूचना तथा सञ्चार प्रविधि एवम् अन्य सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन, समूहकार्य तथा प्रस्तुति, नमूना प्रदर्शन तथा अभ्यास लगायतका विधिको अवलम्बन गरिनेछ ।

इ. तालिमका क्रममा तोकिएको तालिम प्याकेजलगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिनेछ ।

## ७. तालिम मूल्यांकन

तालिम सम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्यांकन गर्न देहायअनुसारका मूल्यांकन प्रक्रिया अनुसरण गर्नु पर्नेछ :

| क्र. सं. | मूल्यांकनका आधार | अंकभार |
|---|---|---|
| १ | नियमितता, सहभागिता र सक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |

| | | |
|---|---|---|
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्याय अभ्यास तथा प्रतिवेदन | १० |
| | जम्मा | ५० |

पुनश्चः आमने-सामने तथा स्वाध्याय दुवै अंकको उत्तीर्णांक ५० प्रतिशत हुनेछ ।

**ग्रेडिङ पद्धति**

| | |
|---|---|
| ९० प्रतिशत र सोभन्दा माथि अंक आएमा | विशिष्टतासहित प्रथम श्रेणी |
| ८० प्रतिशत र सोभन्दामाथि अङ्क आएमा | प्रथम श्रेणी |
| ६५ प्रतिशत र सोभन्दामाथि अंक आएमा | द्वितीय श्रेणी |
| ५० प्रतिशत र सोभन्दामाथि अंक आएमा | तृतीय श्रेणी |
| ५० प्रतिशतभन्दा तलको अंक आएमा | अनुत्तीर्ण वा असफल |

च. लिखित परीक्षाको प्रश्नपत्र निर्माण गर्दा देहायअनुसारको ग्रिड अवलम्बन गर्नु पर्नेछ :

| क्र. सं. | प्रश्नको प्रकार | प्रश्न संख्या | प्रतिप्रश्न अंक भार | पूर्णांक |
|---|---|---|---|---|
| १. | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २. | संक्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३. | समस्यामूलक | १ | ५ | ५ |
| | जम्मा | १६ | | २५ |

## ८. परियोजना कार्य

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्याय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको बिशिष्टीकरण मापदण्ड बमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ :

**परियोजना कार्य विशिष्टीकरण मापदण्ड**

स्वाध्याय अभ्यास खण्डका लागि जम्मा सात ओटा कार्य निर्धारण गरिएको छ । जसमा परियोजना १ र परियोजना २ अनिवार्य रहेका र बाँकीमध्ये दुई ओटा गरी जम्मा चार ओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका रुपमा

प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलगअलग प्रतिवेदन दस्तावेज शैक्षिक तालिम केन्द्रसमक्ष अनिवार्य रुपमा पेस गर्नुपर्नेछ :

**परियोजना कार्य - १: पाठयोजनामा आधारित शिक्षण अभ्यास**

(क) फरक फरक १० ओटा पाठहरूको पाठयोजना तयारी गर्ने

(ख) प्रत्येक पाठ योजनाका आधारमा शैक्षिक सामग्री विकास गर्ने

(ग) प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने

(घ) पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने


(ङ) प्रत्येक पाठ शिक्षणपछि विद्यार्थीको पृष्ठपोषण सङ्कलन गर्ने

(ङ) परिमार्जित पाठयोजना अन्तिमीकरण गर्ने

नोटः यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने ।

**परियोजना कार्य - २: कार्यमूलक अनुसन्धान**

कार्यमूलक अनुसन्धान गर्दा विभिन्न चक्र वा चरण अपनाउन सकिन्छ । तिमध्ये शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार गर्नुपर्नेछ ।




**परियोजना कार्य -३** : बालमैत्री विद्यालयका पक्ष तथा सूचक विश्लेषण

- बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ को अध्ययन
- आफूले शिक्षण गर्ने विद्यालयमा बालमैत्री विद्यालयका पक्ष तथा सूचकको विद्यमान

अवस्था विश्लेषण

- विद्यालयमा बालमैत्री वातावरण सुनिश्चित गर्नका लागि सम्भावित उपायसहित प्रतिवेदन तयार

**परियोजना कार्य -४** : बालकेन्द्रित सिकाइ क्रियाकलाप निर्माण तथा प्रयोग

- आफूले अध्यापन गर्ने विषयमा पाँच ओटा बालकेन्द्रित सिकाइ क्रियाकलाप निर्माण
- निर्मित क्रियाकलापको कक्षा शिक्षणमा प्रयोग
- कक्षा शिक्षणमा क्रियाकलाप प्रयोगको तरिका, विद्यार्थी सहभागिता तथा उनीहरूको सिकाइमा परेको प्रभावसहितको प्रतिवेदन तयार

**परियोजना कार्य -५**: सिकाइ प्रक्रियामा उत्प्रेरणा अभिवृद्धि गर्न शिक्षक विद्यार्थी सम्बन्धको भूमिका विश्लेषण

- आफ्नो कक्षाकोठामा विद्यार्थीसँगको सम्बन्ध प्रतिविम्वन
- सम्बन्ध राम्रो बनाउन कुनै तिन तरिकाको प्रयोग
- उक्त तरिका अपनाउँदा आएको परिवर्तन अध्ययन र प्रतिवेदन तयार

**परियोजना कार्य -६**: बालबालिकामा सिर्जनात्मक सिप विकास गराउने क्रियाकलापहरू निर्माण र प्रयोग

- आफूले अध्यापन गर्ने विषयमा पाँच ओटा सिर्जनात्मक सिप विकास गराउनेसिकाइ क्रियाकलाप निर्माण
- निर्मित क्रियाकलापको कक्षा शिक्षणमा प्रयोग
- कक्षा शिक्षणमा क्रियाकलाप प्रयोगको तरिका, विद्यार्थी सहभागिता तथा उनीहरूको सिकाइमा परेको प्रभावसहितको प्रतिवेदन तयार

**परियोजना कार्य -७** : बालबालिकामा समालोचनात्मक सिप विकास गराउने क्रियाकलाप निर्माण र प्रयोग

- आफूले अध्यापन गर्ने विषयमा पाँच ओटा समालोचनात्मक सिप विकास गराउने सिकाइ क्रियाकलाप निर्माण
- निर्मित क्रियाकलापको कक्षा शिक्षणमा प्रयोग
- कक्षा शिक्षणमा क्रियाकलाप प्रयोगको तरिका, विद्यार्थी सहभागिता तथा उनीहरूको

| |
|---|
| सिकाइमा परेको प्रभावसहितको प्रतिवेदन तयार |

ΩΩΩ